साँगुरीगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भेडेटार, धनकुटा
१ नं. प्रदेश, नेपाल
२०७३

**गाउँपालिकाको वस्तुगत विवरण (प्रोफायल) निर्माणको प्रस्ताव पेश गर्ने सूचना**
**प्रथम पटक प्रकाशित मिति : २०७५/०२/२९**

यस गाउँपालिकाको सम्पूर्ण विवरणहरु झल्कने तथ्यांक सहितको वस्तुगत विवरण (प्रोफायल) प्रस्ताव अध्ययन गरि प्रतिस्पर्धाका आधारमा सेवा प्रदायक संस्था छनौट गरि निर्माण गर्नु पर्ने भएकोले इच्छुक योग्यता पुगेका फर्म/संस्था/कम्पनीहरुले देहायका शर्तहरुको अधिनमा रहि १५ दिन भित्रमा रितपुर्वकको प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१.प्रस्तावकले यस कार्यालयबाट नियमानुसार TOR रु. १०००.०० तिरि १५ औं दिन भित्रमा खरिद गर्न सक्नुहुनेछ । TOR खरिद गर्नका लागि निवेदन साथ मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. ०७३/७४ को कर चुक्ता प्रमाण पत्र, सम्बन्धित फर्म, कम्पनी वा संस्था दर्ता प्रमाण पत्र को प्रतिलिपि राखि निवेदन दिन सक्नेछन ।

२.प्रस्तावकले आर्थिक एवं प्राविधिक प्रस्ताव अलग अलग खाममा शिलबन्दी गरि खाम बाहिर अलग अलग नाम लेखि पुनः दुबैलाई एउटै खाममा शिलबन्दी गरि पेश गर्नु पर्नेछ । शिलबन्दी प्रस्ताव १६ औं दिन दिनको १२ बजे भित्र कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ यसरी दर्ता भएका प्रस्ताव दिनको २.०० बजे नियमानुसार खोलिनेछ । प्रस्तावदाताको प्रतिनिधि खोल्ने समयमा उपस्थित नभएमा खोल्न बाधा पर्ने छैन ।

३.शिलबन्दी भै नआएका, म्याद नाघि आएका वा प्रचलित कानून अनुसार रितपूर्वक पेश हुन नआएका प्रस्ताव उपर कुनै कारवाहि हुने छैन ।

४.प्रस्ताव दर्ता र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समय अनुसार नै दर्ता र खोल्ने दिन र समय मानिने छ ।

५.रितपूर्वक दर्ता हुन आएका शिलबन्दी प्रस्तावहरु सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ तथा यस कार्यालयबाट स्वीकृत भएको TOR मा उल्लेखित शर्त बमोजिम मूल्यांकन गरि प्रस्ताव छनौट गरिनेछ ।

६.प्राविधिक रुपमा सफल प्रस्तावकहरुको मात्र आर्थिक प्रस्ताव खोलिने छ ।

७.प्रस्ताव स्वीकृत गर्ने, नगर्ने वा कार्यक्रम खारेज गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

८.अन्य थप जानकारी आवश्यक भएमा कार्यालमा सम्पर्क गर्न सकिनेछ । ०२५-४००५८ वा sangurigadhimun.gov.np मा हेर्न सकिने छ ।

२/२८

प्रमुख प्रशासकीय अधिकृत
Chief Administrative Offic